मिति २०७९ माघ १ गते आईतबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन कार्यकारी समितिको

**सोह्रौ बैठकको निर्णयहरु**

निर्णय नं. १:- मिति २०७९ माघ १ गते पोखराको सेती खोंचमा भएको यति एयरलायन्सको विमान दुर्घटना प्रति गहिरो दु:ख व्यक्त गर्दै दुर्घटनामा मृत्यु भएकाहरु प्रति भावपूर्ण श्रद्धाञ्जली र परिवारजनमा समवेदना व्यक्त गर्ने ।

निर्णय नं. २:- सबै सरोकारवाला निकायको समन्वयमा खोज, उद्धार, राहत र शव व्यवस्थापनको कामलाई यथासम्भव छिटो र प्रभावकारी बनाउने ।

निर्णय नं. ३:- दुर्घटनाको अनुभवबाट आगामी दिनमा यस्ता दुर्घटनाको न्यूनीकरण, प्रभावकारी पूर्वतयारी, खोज, उद्धार, राहत लगायतको व्यवस्थापनलाई छिटो-छरितो र प्रभावकारी बनाउन सम्बद्ध सरोकारवाला निकायहरुले आफ्नो कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

निर्णय नं. ४:- उक्त घटनाबाट दिवंगत भएका व्यक्तिहरुको परिवारलाई बस्ने उपयुक्त व्यवस्था पोखरा र काठमाडौंका सम्बन्धित अस्पताल नजिक मिलाउने ।

निर्णय नं. ५:- यस घटनाको यथार्थ सूचना सम्बन्धित सरोकारवालाहरुमा प्रवाहका लागि व्यवस्थित संचार र सम्पर्क व्यक्तिको व्यवस्था मिलाउने ।

निर्णय नं. ६:- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा कार्यदल गठन गरी हालसम्मका अनुभव र सिकाईको समीक्षा गरी सुधारका उपायहरु सिफारिस गर्न प्राधिकरणलाई निर्देशन दिने ।

सदस्य-सचिव
...न्यूनीकरण तथा
...कार्यकारी समिति